# कृषि सामग्री कम्पनी लिमिटेड
## प्रधान कार्यालय, काठमाडौं

## पदपूर्तिका लागि दरखास्त आह्वान सम्बन्धी सूचना

**(प्रकाशन मिति : २०८३/०३/१९ गते)**

लोक सेवा आयोगको मिति २०८३/०३/१७ गतेको सहमति र कम्पनी पदपूर्ति समितिको मिति २०८३/०३/१८ गतेको निर्णयानुसार कम्पनीमा रिक्त रहेका देहायका पदहरूको पदपूर्तिका लागि यो सूचना प्रकाशन गरिएको छ।

### (क) कार्य क्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा

यस कम्पनीमा रिक्त रहेका देहायका पदहरूमा कार्य क्षमताको मूल्याङ्कनको आधारमा बढुवाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले कृषि सामग्री कम्पनी लिमिटेड कर्मचारी प्रशासन विनियमावली, २०८० को विनियम ३२ अनुसार तोकिएको सेवा अवधि पूरा गरेका र न्यूनतम शैक्षिक योग्यता हासिल गरेका तथा विनियम ३३ बमोजिम अयोग्य नभएका कर्मचारीहरूले यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिनभित्र तोकिए बमोजिमको बढुवा फाराम भरी ज्येष्ठता, भौगोलिक क्षेत्रमा काम गरेको अनुभव, शैक्षिक योग्यता (समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको) तथा सेवाकालीन तालिम लिएको प्रमाणपत्र लगायत अन्य आवश्यक कागजपत्रहरूको प्रतिलिपि आफैंले प्रमाणित गरी कम्पनीको योजना तथा जनशक्ति व्यवस्थापन महाशाखामा पेश गर्न सम्बन्धित सम्भाव्य कार्यरत कर्मचारीहरूका लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं | विज्ञापन नं. | पद | श्रेणी | सेवा | समूह | पद सङ्ख्या |
|---|---|---|---|---|---|---|
| १ | १-०८२/८३ | प्रबन्धक | अधिकृत प्रथम | - | - | ५ (पाँच) |
| २ | २-०८२/८३ | उप-प्रबन्धक (प्रशासन) | अधिकृत द्वितीय श्रेणी | प्रशासन | प्रशासन | ५ (पाँच)) |
| ३ | ३-०८२/८३ | उप-प्रबन्धक (लेखा) | | प्रशासन | लेखा | १ (एक) |
| ४ | ४-०८२/८३ | सहायक प्रबन्धक (प्रशासन) | अधिकृत तृतीय श्रेणी | प्रशासन | प्रशासन | २ (दुई) |
| ५ | ५-०८२/८३ | सहायक प्रबन्धक (बाली विकास) | | प्राबिधिक | कृषि | १ (एक) |
| ६ | ६-०८२/८३ | वरिष्ठ सहायक (प्रशासन) | सहायक प्रथम श्रेणी | प्रशासन | प्रशासन | ३ (तीन) |
| ७ | ७-०८२/८३ | वरिष्ठ सहायक (कृषि प्राबिधिक) | | प्राबिधिक | कृषि | १ (एक) |

### (ख) आन्तरिक प्रतियोगिता र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति हुने

यस कम्पनीमा रिक्त रहेका देहायका श्रेणी, सेवा र समूहका पदहरूमा प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकाले आन्तरिक प्रतियोगिता तर्फका विज्ञापनका हकमा उल्लिखित योग्यता तथा अनुभव (समावेशी समूहको हकमा तोकिए भन्दा एक वर्ष कम अनुभव भए हुने) पुगेका सम्बन्धित सेवा समूहका एक श्रेणी मुनिको पदमा कम्पनीको सेवामा कार्यरत कर्मचारीहरूले र खुला प्रतियोगितातर्फ विज्ञापनको हकमा सूचनामा उल्लिखित योग्यताका सर्तहरू पूरा गरेका इच्छुक नेपाली नागिरकहरूबाट यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र यस कम्पनीको अनलाइन दरखास्त प्रणाली https://vacancy.kscl.gov.np मार्फत दरखास्त आह्वान गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | पद | श्रेणी | सेवा | समूह | पद सङ्ख्या | आ.प्र.,खुला/ समावेशी | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|
| १ | ८-०८२/८३ | प्रबन्धक | अधिकृत प्रथम | | | १ | आ.प्र. | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरी कम्पनीमा पाँच वर्षको कार्य अनुभव हासिल गरेको। |
| २ | ९-०८२/८३ | उप-प्रबन्धक | अधिकृत द्वितीय | प्रशासन | प्रशासन | २ | आ.प्र. | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरी कम्पनीमा पाँच वर्षको कार्य अनुभव हासिल गरेको। |
| ३ | १०-०८२/८३ | उप-प्रबन्धक (सिभिल) | अधिकृत द्वितीय | प्राविधिक | इन्जिनियरिङ | १ | आ.प्र. | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरी कम्पनीमा पाँच वर्षको कार्य अनुभव हासिल गरेको। |
| ४ | ११-०८२/८३ | सहायक प्रबन्धक (प्रशासन | अधिकृत तृतिय | प्रशासन | प्रशासन | १ | आ.प्र. | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाण पत्र तह वा कक्षा १२ एस.एल.सी.ई. वा सो सरह उत्तीर्ण गरी कम्पनीमा पाँच वर्षको कार्य अनुभव हासिल गरेको। |
| | १२-०८२/८३ | | | | | ८ | खुला- ५ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण। |
| | १३-०८२/८३ | | | | | | महिला -१ | |
| | १४-०८२/८३ | | | | | | आ.ज.- १ | |
| | १५-०८२/८३ | | | | | | मधेशी-१ | |
| ५ | १६-०८२/८३ | सहायक प्रबन्धक (लेखा) | अधिकृत तृतिय | प्रशासन | लेखा | १ | खुला- १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्य शास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा अर्थशास्त्र, गणित, तथ्याङ्क शास्त्र वा जनप्रशासनमध्ये कुनै एक मुल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण। |
| ६ | १७-०८२/८३ | सहायक प्रबन्धक (बाली विकास) | | प्राविधिक | कृषि | २ | खुला-१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञान विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण। |
| | १८-०८२/८३ | | | | | | दलित-१ | |
| ७ | १९-०८२/८३ | वरिष्ठ सहायक | सहायक प्रथम | प्रशासन | प्रशासन | १ | आ.प्र. | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.ई.ई. वा सो सरह उत्तीर्ण गरी कम्पनीमा तीन वर्षको कार्य अनुभव हासिल गरेको। |
| | २०-०८२/८३ | | | | | ३ | खुला- १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाण पत्र तह वा कक्षा १२ एस.एल.सी.ई. वा सो सरह उत्तीर्ण। |
| | २१-०८२/८३ | | | | | | महिला-१ | |
| | २२-०८२/८३ | | | | | | मधेशी- १ | |
| ८ | २३-०८२/८३ | वरिष्ठ सहायक (कम्प्युटर) | | | विविध | १ | खुला- १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विज्ञान वा सूचना प्रविधि वा कम्प्युटर इन्जिनियरिङ विषय लिई प्रमाणपत्र तह वा कक्षा १२ एस.एल.सी.ई. वा सो सरह उत्तीर्ण। |
| ९ | २४-०८२/८३ | वरिष्ठ सहायक (कृषि प्राविधिक) | | प्राविधिक | कृषि | १ | खुला- १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञान विषय लिई प्रमाणपत्र तह वा कक्षा १२ एस.एल.सी.ई. वा सो सरह उत्तीर्ण। |

